# नेपालमा मातृभाषामा शिक्षाः महत्त्व, हालको अवस्था र अबको बाटो

**जयप्रसाद लम्साल**
उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र

## लेखसार

**विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गरिनुलाई मातृभाषामा शिक्षा भनिन्छ। मातृभाषामा शिक्षा दिइँदा बालबालिकाको सिकाइ प्रभावकारी हुने, बिचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या नियन्त्रण हुने, भाषा संस्कृति संरक्षणमा सहयोग पुग्न सक्ने हुन्छ। नेपालमा मातृभाषामा शिक्षलाई नीतिगत रूपमा स्वीकार गरिएको छ। प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ तथा २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले मातृभाषा विषयको पठन पाठनको व्यवस्था पनि गरिदिएको छ। मातृभाषा विषयको पठन पाठन मातृभाषामा दक्षता बढाउने र भाषा संस्कृति संरक्षणका लागि आवश्यक हुन्छ। हालमा सरकारी र गैर सरकारी संस्थाको प्रयासमा केही विद्यालयले मातृभाषाका माध्यमले कक्षा सञ्चालन गरेका छन्। भाषाका कारण विद्यार्थीको सिकाइमा समस्या भएको छ भन्ने बुझेर आफ्नै विवेकले कक्षामा मातृभाषाको प्रयोग गरिआएका विद्यालय धेरै छन्। तर यस्ता विद्यालय कुन जिल्लामा कति छन्, त्यहाँ कुन कुन भाषा माध्यमका रूपमा प्रयोग भए त्यसको तथ्याङ्क उपलब्ध छैन। यस्ता विद्यालयमध्ये केहीले हालैमा मातृभाष सम्बन्धी शिक्षक तालिममा सहभागी हुने मौका पाए। यसभन्दा बाहेक यी विद्यालयले अन्य सहयोग र प्रोत्साहन पाउन सकेका छैनन्। मातृभाषामा शिक्षालाई व्यवस्थित गर्न मातृभाषामा शिक्षाको आवश्यकता र महत्त्वका बारेमा प्रचार प्रसार, मातृभाषाका माध्यमले कक्षा सञ्चालन गर्ने र विषयका रूपमा मातृभाषा पठन पाठन गराउने विद्यालयको सूचीकरण, माध्यम र विषयका लागि व्यवस्थित शिक्षक तालिम सञ्चालन र मातृभाषा विषयका पाठ्य पुस्तक सहज उपलब्ध हुने व्यवस्था आवश्यक छ।**

## १. विषय प्रवेश

बालकले सबैभन्दा पहिले आमासँग र घर परिवारमा रहेर सिक्ने भाषालाई मातृभाषा वा पहिलो भाषा भनिन्छ। यसलाई आमाले बोल्ने र आमाबाट सिकिने भनेर मातृभाषा भनिएको हो। साधारण अर्थमा विद्यार्थीको पहिलो भाषा वा विद्यार्थीले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाका रूपमा प्रयोग गरिनुलाई मातृभाषामा शिक्षा भनिन्छ मातृभाषामा आधारित बहुभाषिक शिक्षा (मा.आ.ब.शि. परिचय पुस्तिका, शिक्षा विभाग, २०६९)। मातृभाषामा शिक्षा भयो भने शिक्षक विद्यार्थी र विद्यार्थी विद्यार्थी बिचमा कुराकानी हुँदा विद्यार्थीको भाषा प्रयोग गरिन्छ र विद्यार्थीलाई सिकाइमा सहजता हुन्छ। नेपालको सन्दर्भमा मातृभाषामा शिक्षा भनेको पाठ्यक्रमले तोकेका विषयहरू, जस्तै : सामाजिक अध्ययन, गणित, विज्ञान आदि विद्यार्थीको मातृभाषाका माध्यमले पठन पाठन गराइनु हो। मातृभाषामा शिक्षा हुँदा पनि भाषा विषयहरू भने सम्बन्धित भाषामै शिक्षण सिकाइ गराइन्छ। उदाहरणका लागि नेपालमा नेपाली र अङ्ग्रेजी क्रमशः नेपाली र अङ्ग्रेजी भाषाका माध्यमले र मातृभाषा विषय मातृभाषाकै माध्यमले पठन पाठन गराइन्छ। तर नेपाली र अङ्ग्रेजी विषयको सिकाइमा विद्यार्थीलाई समस्या परेका बेला तल्ला कक्षामा यस्तो पाइँदैन।

केही व्यक्तिले विद्यालयमा भातृभाषा विषयको पठन पाठन हुने गरेको छ भने त्यसैलाई मातृभाषामा शिक्षा भन्ने गरेको पनि सुनिन्छ। यो भनेको मातृभाषाको पठन पाठन हो, मातृभाषामा शिक्षा होइन। बालबालिकालाई उनीहरूको भाषामा सक्षम बनाउने उद्देयका लागि मातृभाषा विषयको पठन पाठन गराइन्छ। विषयका रूपमा मातृभाषाको शिक्षण सिकाइ पठन र लेखनको अभ्यासमा केन्द्रित हुन्छ र त्यसबाट मानक बोलाइ समेतको शिक्षण हुन्छ। नेपालमा प्राथमिक शिक्षा पाठ्यक्रमले साप्ताहिक चार पाठ्यभारको मातृभाषा विषयको प्रावधान पनि राखेको छ। त्यसैगरी आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) ले ऐच्छिक विषयका रूपमा स्थानीय विषय/मातृभाषा/अन्य विषयका रूपमा मातृभाषालाई पनि ५ पाठ्यभारको व्यवस्था गरेको छ।

विद्यार्थीलाई मातृभाषामा शिक्षा उपलब्ध गराउने सन्दर्भमा विद्यालयमा एउटै मातृभाषा बोल्ने विद्यार्थी छन् र कक्षामा एउटै मातृभाषा प्रयोग गर्ने गरिएको छ भने त्यसलाई एकल मातृभाषी माध्यम भनिन्छ। एक ठाउँमा एउटा भाषिक समूदायको मात्र बसोबास भएको ठाउँमा एकल मातृभाषी विद्यालय हुन सक्दछन्।

विद्यालयमा विभिन्न मातृभाषा बोल्ने विद्यार्थी छन् र कक्षामा विद्यार्थीको भाषा अनुसार विभिन्न मातृभाषा प्रयोग गर्ने गरिएको छ भने त्यस्ता विद्यालयलाई बहुभाषी विद्यालय भनिन्छ।

विद्यार्थीको मातृभाषाअनुसार एउटा विद्यालयमा एउटा मातृभाषा र अर्को विद्यालयमा अर्को मातृभाषा र एउटै विद्यालयमा पनि विद्यार्थीको मातृभाषाअनुसार विभिन्न मातृभाषाको प्रयोग गरेर शिक्षण सिकाइ गरिन्छ भने त्यसलाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा भनिन्छ (मा.आ.ब.शि. परिचय पुस्तिका, शिक्षा विभाग, २०६९)। कक्षामा पहिले मातृभाषाको प्रयोग गरिने र बाल बालिकाको अन्य भाषा सिक्ने उमेर हुँदै गएपछि दोस्रो भाषा, सरकारी काम काजको भाषा तथा अन्य भाषाको प्रयोग क्रमशः बढाउने प्रक्रियालाई पनि बहु भाषिक शिक्षा भन्ने गरेको पाइन्छ। नेपाल जस्तो बहुभाषिक मुलुकमा बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउन मातृभाषामा आधारित बहु भाषिक शिक्षा आवश्यक हुन्छ।

## २. मातृभाषामा शिक्षाको महत्व

समाजमा मातृभाषामा आधारित शिक्षाको अहम् महत्त्व छ भन्ने कुरा तलका बुँदाहरूबाट पुष्टि हुन्छ :

### मातृभाषामा शिक्षा पाउँदा बाल अधिकारको सम्मान

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ३० मा बालबालिकालाई आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गर्न पाइने छैन (युनिसेफ, पहिलो आह्वान) भन्ने समेतको प्रवधान रहेको छ। त्यसै गरी विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा पनि मातृभाषामा शिक्षा पाउनु बालबालिकाको अधिकार हो भन्ने कुरा स्वीकार गरिएको छ। नेपालमा पनि विभिन्न नीति नियम र ऐन कानुनमा आधारभूत तहको कक्षा १-३ मा पठन पाठनको माध्यम भाषा मातृभाषा हुने कुरा उल्लेख छ। त्यसैले मातृभाषामा शिक्षाको व्यवस्था गर्नु भनेको बाल अधिकारको सम्मान पनि हो।

### विद्यार्थीको शैक्षिक उपलब्धि बढ्न सक्ने

विद्यालयमा मातृभाषामा कक्षा सञ्चालन भएका अवस्थामा विद्यालयमा भर्ना हुन आउने विद्यार्थीले घरमा सिक्दै गरेको भाषामा बोल्ने अवसर पाउँछन्। शिक्षकले पनि विद्यार्थीको भाषा बोलिदिँदा शिक्षक र विद्यार्थी बिचमा नजिकको सम्बन्ध विकास हुन्छ। यस्तो सम्बन्धले विद्यार्थीहरू शिक्षक र विद्यालय वातावरणदेखि डराउँदैनन् र कक्षामा विद्यार्थीको सहभागिता र अन्तरक्रिया सहज हुन जान्छ। यसले विद्यार्थीको सिकाइ प्रभाकारी हुन गई उनीहरूको शैक्षिक उपलब्धि पनि बढ्न सक्छ (मा.आ.ब.शि. परिचय पुस्तिका, शिक्षा विभाग, २०६९; योन्जन, २०६९)।

### बिचैमा विद्यालय छाड्ने विद्यार्थी सङ्ख्या घट्न सक्ने

विद्यार्थीले बिचैमा विद्यालय छोड्ने कारणमा शिक्षण सिकाइमा परेको कठिनाइले उत्पन्न हुने नैराश्यता पनि एक हो। विद्यार्थीले मातृभाषाका माध्यमले पढ्ने लेख्ने अवसर पाएमा शिक्षक विद्यार्थीका बिचमा सहज अन्तरक्रिया हुन्छ र सिकाइ पनि सहज हुन सक्छ। सिकाइ सहज भएमा विद्यार्थीले बिचैमा विद्यालय छोड्दैनन् (माआबशि. परिचय पुस्तिका, शिक्षा विभाग, २०६९; योन्जन, २०६९)। यसबाट विद्यार्थीको कक्षा छोड्ने दरमा नियन्त्रण भई शिक्षामा सरकारी लगानीको सदुपयोग हुने अवस्था रहन्छ र सबै बालबालिकाका लागि आधारभूत शिक्षाको सुनिश्चितता पनि बढ्छ।

### भाषा संस्कृतिको पहिचान र संरक्षणमा सहयोग पुग्ने

विद्यालयको शिक्षण सिकाइमा कुनै भाषाको प्रयोग हुनु भनेको सम्बन्धित भाषाको पहिचान पनि हो। विद्यालयमा आफ्नो भाषा प्रयोग हुँदा त्यस भाषाप्रति सम्बन्धित बालबालिकाको मोह बढ्छ र उनीहरू आफ्नो भाषा प्रयोगमा उत्साहित हुन्छन्। मातृभाषाका माध्यमले कक्षा सञ्चालन हुँदा सम्बन्धित भाषामा पाठ्य सामग्री पनि विकास हुँदै जान्छन्। त्यस्ता पाठ्य सामग्रीमा सम्बन्धित

भाषिक समुदायका कला संस्कृति सम्बन्धी विषयवस्तु जस्तै : बाल गीत, लोक कथा, नाच, खेल, चाडपर्व, परम्परा आदि समावेश गर्न सकिन्छ। मातृभाषाका माध्यमले दिइने शिक्षामा सम्बन्धित भाषा संस्कृतिका ज्ञातालाई स्रोत व्यक्तिका रूपमा विद्यालयमा आमन्त्रण गरी अन्तरक्रिया गर्न र सन्दर्भ मिल्ने कक्षा उनीहरूबाटै सञ्चालन गराउन सकिन्छ। यस्ता गतिविधिले सम्बन्धित बाल बालिकाले आफ्नो संस्कृति पनि ग्रहण गर्दै जान्छन। मातृ भाषामा दिइने शिक्षाका माध्यमले बालबालिकामा विकास हुने आफ्नो भाषा संस्कृतिको माया मोहले सम्बन्धित भाषा संस्कृति जीवित रहन सघाउ पुग्छ।

**राष्ट्रिय एकतामा बल**

मातृभाषामा शिक्षाको व्यवस्थाले अल्प सङ्ख्यक भाषिक समुदायको भाषिक पहिचान र उनीहरूको संस्कृति संरक्षणका गतिविधि पनि हुने भएकाले सम्बन्धित भाषिक समुदायले आत्मगौरव महसुस गर्ने हुँदा मुलुकमा सामाजिक सद्भाव र राष्ट्रिय एकतामा पनि बल पुग्ने हुन्छ।

**मातृभाषाका माध्यमले मात्र बालबालिकालाई वास्तविक शिक्षा दिन सकिने**

हिजो आज हाम्रो समाजमा बालबालिकाले अङ्ग्रेजी भाषा जान्नु नै शिक्षा हो जस्तो भएको छ। यथार्थमा तल्ला उमेरका बालबालिकाको शिक्षाको अर्थ उनीहरूलाई असल आचरण, आफ्नो पन र कला संस्कृतिप्रति गौरव, राष्ट्र प्रेम, परिश्रम गर्ने बानी, समाजमा रहेका प्रविधि सिकाउनु हो। यस्ता कुरा सिकाउन मातृभाषाकै माध्यम उपयुक्त हुन्छ। नजानेको भाषाका माध्यमले यी कुराको सहज सिकाइ हुँदैन।

**पाठ्य पुस्तकको अभाव महसुस नहुने**

स्थानीय मातृभाषी वा बहुभाषी विद्यालयमा स्थानीय तहमा पनि पाठ्य सामग्री निर्माणको अभ्यास हुने भएकाले केन्द्रबाट प्रकाशित पाठ्य पुस्तक उपलब्ध हुन ढिलाइ भएको अवस्थामा स्थानीय स्तरमा निर्मित रिडिङ सिट, बिग बुक तथा अभ्यास सामग्रीबाट पठनपाठन चलाउन सकिन्छ।

## ३. मातृभाषामा शिक्षा र दोस्रो भाषाको सिकाइ

कतिपय अभिभावक र सर्वसाधारणले मातृभाषामा शिक्षा दिएर के गर्ने, आजको जमानामा अङ्ग्रेजी नसिके काम पाइदैन भन्ने गरेको सुनिन्छ। आफ्ना सन्तानलाई सकिनसकी अङ्ग्रेजी माध्यमका संस्थागत विद्यालयमा पढाउने गरेको पाइन्छ। गणित, सामाजिक र विज्ञान तथा वातावरण लगायतका विषय जुनसुकै भाषामा सिक्दा पनि हुन्छ। बालबालिकाले आफ्नै मातृभाषाका माध्यमले यी विषय पठन पाठन गर्ने अवसर पाए भने शिक्षक विद्यार्थी बिचमा सहज अन्तरक्रिया हुन्छ र बालबालिकाले सिक्ने कुरा छिटो र प्रभावकारी रूपमा सिक्तछन्। यी विषय अङ्ग्रेजी वा दोस्रो भाषाका माध्यमले सिकाउँदा बालबालिकालाई अनावश्यक भार हुने र त्यसको प्रभाव उनीहरूको संज्ञानात्मक विकासमा पर्दछ। यी कुरामा अभिभावकहरूलाई कम जानकारी छ।

अर्कोतर्फ मातृभाषामा शिक्षाको व्यवस्थाले बालबालिकाहरू दोस्रो भाषामा (नेपालको सन्दर्भमा नेपाली तथा अङ्ग्रेजीमा) कमजोर हुन्छन् भन्ने भ्रम पनि त्यतिनै छ। तर मातृभाषामा शिक्षाको अवसर पाएका बालबालिकाहरूको गणित, सामाजिक, विज्ञान आदि मात्र नभएर दोस्रो भाषाको सिकाइ पनि अझ राम्रो हुने विभिन्न मुलुकमा भएको अध्ययन अनुसन्धानले बताएका छन् (Mohanty, Panda & others 2009, P- 22, 23)। मातृभाषामा पढ्ने लेख्ने अवसर पाएका विद्यार्थीको दोस्रो भाषाको सिकाइसमेत राम्रो हुनसक्ने निम्न लिखित आधार छन्:

- मातृभाषामा पढने लेख्ने अवसर पाएका विद्यार्थीमा आफ्नो मातृभाषा, सामाजिक लगायतका अन्य विषयमा राम्रो सिकाइ हुने सम्भावना रहन्छ र यसको प्रभाव दोस्रो भाषाको सिकाइमा पनि पर्दछ।
- मातृभाषामा पढ्न लेख्न पाएका विद्यार्थीको पढाइ लेखाइमा रुचि हुन्छ भने दोस्रो भाषामा जोड जवरजस्तीको सिकाइ प्रयास गराइएको विद्यार्थीको पढाइ लेखाइमा वितृष्णा हुन्छ।
- कलिलै उमेरमा दोस्रो भाषाको माध्यम गराएर वा दोस्रो भाषाका लागि धेरै समय दिएर दोस्रो भाषा धेरै सिकिने होइन। सिकाइको प्रक्रिया प्रभावकारी भयो भने मात्र धेरै सिक्न सकिन्छ।

- नेपालको सन्दर्भमा तल्लै कक्षादेखि नै नेपाली र अङ्ग्रेजी विषय राखिएका छन्। यी दुवै विषयको शिक्षण सिकाइ प्रक्रिया विद्यार्थी केन्द्रित तथा बाल मैत्री हुन सकेमा अन्य विषय मातृभाषाका माध्यमले पठन पाठन गराइए पनि विद्यार्थीको नेपाली तथा अङ्ग्रेजीको सिकाइ उच्च हुन सक्छ।

## ४. नेपालमा मातृभाषामा शिक्षाका लागि भएको नीतिगत व्यवस्था

नेपालमा नीति निर्माण तहमा बाल बालिकालाई मातृभाषामा शिक्षा आवश्यक छ भन्ने कुरा महसुस भएको र यसका लागि आवश्यक नीतिगत व्यवस्था भएको देखिन्छ।

### संवैधानिक व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हकको शिक्षा तथा संस्कृति सम्बन्धी हक (धारा १७.१) मा "प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ।" भन्ने प्रावधान राखिएको छ।

### ऐन नियममा भएको व्यवस्था

शिक्षा ऐन २०२८ (संशोधनसहित २०६३) को दफा ७.२(ख)मा "प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ।" भन्ने प्रावधान राखिएको छ।

स्थानीय स्वायत्त शासन ऐन २०५५को दफा २८ घ ३ र नियमावली २०५६ को नियम ९६ घ ३ गाउँ विकास समिति र नगरपालिकाको काम कर्तव्य र अधिकारअन्तर्गत शिक्षा तथा खेलकुद सम्बन्धी दफामा गाउँ विकास र नगरपालिका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने भन्ने प्रावधान राखिएको छ।

### शैक्षिक योजनाहरूमा भएको व्यवस्था

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५, पृष्ठ ५४- ५९ ) मा "मातृभाषामा आदिवासी तथा भाषिक अल्प सङ्ख्यकलाई आधारभूत तथा प्राथमिक शिक्षाको अधिकार सुनिश्चितता" गरिने भनेर मातृभाषालाई माध्यम र विषयका रूपमा प्रयोग गर्ने र द्विभाषिक शिक्षा प्रक्रिया अप्नाउने भन्ने रणनीति अङ्गिकार गरिएको उल्लेख छ।

मातृभाषामा आधारभूत शिक्षालाई व्यवहारमा उतार्न विद्यालय क्षेत्र सुधार कार्यक्रमले सन् २०१५ सम्ममा ७५०० विद्यालयमा बहुभाषिक माध्यमले कक्षा सञ्चालन गराउने लक्ष्य पनि लिएको छ।

### पाठ्यक्रममा भएको व्यवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ को आधारभूत शिक्षाको माध्यम उपशीर्षक (पृ.२८) मा "आधारभूत शिक्षाको माध्यम मातृभाषा हुने छ। आधारभूत शिक्षाको प्रथम चरण (कक्षा १-३) सम्म सामान्यतया शिक्षाको माध्यम मातृभाषा हुने छ" भनिएको छ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ को शिक्षाको माध्यमको बुँदा नं. 'क' मा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ भनिएको छ। प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले मातृभाषालाई ऐच्छिक विषयका रूपमा पाठ्यक्रममा समावेश गरिएको छ।

### अन्तर्राष्ट्रिय सम्झौता र महासन्धिहरू

अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि सङ्ख्या १६९ नेपालको विधायिका संसद्ले पारित गरेको छ। यसको धारा २८.१. मा "आदिवासी समुदायका बालबालिकाहरूलाई सम्भव भएसम्म उनीहरूकै मातृभाषामा लेखपढ गर्न सिकाइने छ " भनिएको छ (योन्जन, २०६९, पृ.२२)।

बाल अधिकार सम्बन्धी अनुबन्ध, १९८९ मा नेपालले १४ सेप्टेम्बर १९९० मा हस्ताक्षर गरेको छ (सिविन, बाल अधिकार)। यसको धारा ३० मा "जाति, धर्म वा भाषिक अल्पसङ्ख्यकहरू वा आदिवासी मूलका मानिसहरू बसोबास रहँदै आएको राज्यमा त्यस्ता अल्प सङ्ख्यकहरू वा आदिवासी बालबालिकाहरूलाई आफ्नै समुदायका अन्य सदस्यहरूसँग सामूहिक रूपमा आफ्नो संस्कृति अपनाउने,

धर्मको पालना गर्ने र प्रयोग गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गर्न पाइने छैन" (युनिसेफ, पहिलो आह्वान) भन्ने प्रावधान रहेको छ।

## ५. बालबालिकालाई मातृभाषामा शिक्षा सञ्चालनका लागि भएका प्रयास

### मातृभाषा विषय पठन पाठन

नेपालमा वि. सं २०५० मा बनेको प्राथमिक शिक्षा पाठ्यक्रममा विषयका रूपमा मातृभाषा विषय पठन पाठन गराउन सकिने व्यवस्था भएअनुसार कतिपय विद्यालयले यस विषयको पठन पाठन गराइरहेका छन्। यसका लागि पाठ्यक्रम विकास केन्द्रले मैथिली, भोजपुरी, अवधी, थारू, तमााङ, नेवार, लिम्बु, राई बन्तावा, राई चाम्लिङ, शेर्पा, मगर, गुरुङ, सुनुवार, राजबंशी, मुगाली र याक्खा गरी २२ भाषा विषयका कक्षा १ देखि ५ सम्मका पाठ्य पुस्तक विकास गरेको छ। तमाङ सम्बोटा लिपि, धिमाल, अठार मगरात, थारू मध्यक्षेत्र, बजिका र कुलुङ भाषाका पनि पाठ्य पुस्तक विकास भइरहेका छन्। कतिपय भाषिक समुदायले स्थानीय तहबाटै पाठ्य पुस्तक विकास गरेर पनि यस विषयको पठन पाठन गराइ रहेको जानकारीमा आएको छ। पाठ्यक्रम विकास केन्द्र (पा.वि.के.) बाट वि.सं. २०७१ सम्ममा १५ भाषामा बाल सन्दर्भ सामग्री पनि विकास भएका छन् ।

### बहु भाषिक शिक्षा परीक्षण कार्यक्रम

वि.सं २०५७ मा प्राथमिक तहमा मातृभाषाका माध्यमले पठन पाठन गर्न सकिने भनी शिक्षा ऐनमा संशोधन भएपछि वि.सं. २०६४ सालदेखि २०६६ सम्म फिनल्यान्ड सरकारको सहयोगमा कञ्चनपुर, पाल्पा, रसुवा, धनकुटा, सुनसरी र झापा जिल्लाका सात ओटा विद्यालयमा क्रमशः राना थारू, मगर, रसुवा तामाङ, आठपहरिया राई, पुर्वेली थारू, उराव, राजवंशी र सन्थालसहित आठओटा भाषामा बहुभाषी शिक्षा कार्यक्रम परीक्षण गरिएको थियो। परीक्षणमा उल्लिखित भाषालाई शिक्षण सिकाइको माध्यम बनाइएको थियो र स्थानीय तहमै कक्षा १ र २ का पाठ्य सामग्री विकास र प्रयोग पनि गरिएको थियो। यस कार्यक्रमबाट बहुभाषी शिक्षा कार्यान्वयन निर्देशिका विकास गरिएको छ। यस परीक्षणबाट निम्नअनुसारका अनुभव प्राप्त भएका छन् :

बहुभाषी शिक्षाका माध्यमले विद्यालयप्रति विद्यार्थी आकर्षित भएका र बिचैमा विद्यालय छोड्ने विद्यार्थी सङ्ख्या नियन्त्रणमा सहयोग पुगेको विद्यालयप्रति जनसहभागिता बढेको अभिभावकको सहयोगमा स्थानीय तहबाट पाठ्यसामग्री विकास गर्न सकिएको फरक भाषिक समूदायका शिक्षकले पनि स्थानीय मातृभाषामा कक्षा सञ्चालन गरेको एउटा कक्षामा तिन भाषासम्म प्रयोग (बहुभाषिक प्रक्रियाको प्रयोग) भएको विद्यार्थी सङ्ख्या कम भएका कक्षामा बढी भाषाको प्रयोग सहज देखिएको दुर्गम क्षेत्र र सीमान्तकृत समुदायको बसोबास भएको क्षेत्रमा मातृभाषामा शिक्षा बढी आवश्यक देखिएको र यस्ता क्षेत्रमा कार्यान्वयन पनि प्रभावकारी रहेको मातृभाषामा आधारित बहुभाषिक शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमको अहम् भूमिका देखिएको (मा.आ.ब.शि. परिचय पुस्तिका, शिक्षा विभाग, २०६९)

### शिक्षक तालिम

मातृभाषा सम्बन्धी शिक्षाका लागि विगत केही वर्षदेखि शैक्षिक जनशक्ति विकास केन्द्रले टी.पी.डी. मोडेलमा शिक्षक तालिम पनि सञ्चालन गर्दै आएको छ। हालम्म एघार हजारभन्दा बढी शिक्षकले मातृभाषा सम्बन्धी तालिम लिइसकेका छन् ।

## ६. मातृभाषामा शिक्षा कार्यान्वयनको अवस्था

नेपालमा मातृभाषामा शिक्षाका लागि नीतिगत द्विविधा देखिँदैन। यस नीति कार्यान्वयनका लागि केन्द्र तहबाट विभिन्न भाषामा मातृभाषा विषयका पाठ्य सामग्री निर्माण हुँदै गरेको, शिक्षक तालिम सञ्चालन भइरहेका र विभिन्न अध्ययन र परीक्षणका काम सुरु भएका छन्। यसरी मातृभाषामा शिक्षाले व्यापकता पाएको छ। तर पनि मातृभाषामा शिक्षा कति विद्यालयका कति विद्यार्थीमा पुगेको छ र यसबाट कति विद्यार्थी लाभान्वित भए भन्ने बारेमा यथार्थ चित्रण गर्न सकिने देखिँदैन। केही विद्यालयमा सरकारका कार्यक्रमबाट र केही विद्यालयमा गैर सरकारी संस्थाको

सहयोगमा मातृभाषाको प्रयोग भएको छ। तर यस्ता विद्यालय एकदम थोरै छन्। तराईका धेरै विद्यालय र पहाड तथा हिमालका खास भाषिक समुदायको बसोबास भएका स्थानका विद्यालयमा भाषाका कारण विद्यार्थीको सिकाइमा समस्या भएको छ भन्ने बुझेर शिक्षकले मातृभाषा सम्बन्धी तालिम नपाउँदा पनि आफ्नै विवेकले कक्षामा मातृभाषाको प्रयोग गरिआएका छन्। तर यस्ता विद्यालय कुन जिल्लामा कति छन्, त्यहाँ कुन कुन भाषा माध्यमका रूपमा प्रयोग भए सूचीकरण गरिएको छैन। यसले गर्दा बहुभाषिक शिक्षा परीक्षण कार्यक्रममा मातृभाषामा कक्षा सञ्चालन गर्ने विद्यालय जे जति छन् ती मात्र मातृभाषाका माध्यमले कक्षा सञ्चालन गर्ने विद्यालय हुन् भन्ने जस्तो हुन गएको छ। त्यो सङ्ख्या ज्यादै न्यून छ।

त्यसै गरी कतिपय विद्यालयले मातृभाषा विषय पनि पठन पाठन गराउने गरेका छन्। यस्ता विद्यालय कुन जिल्लामा कति छन्, त्यहाँ कुन कुन मातृभाषाको पठन पाठन हुने गरेको छ, त्यसको पनि सूचीकरण गरिएको पाइँदैन। मातृभाषा प्रयोग गर्ने विद्यालयको सङ्ख्या यकिन हुन नसकेको अवस्थामा मातृभाषाको प्रयोगले विद्यार्थीको सिकाइमा कस्तो सहयोग पुगेको छ र यसको प्रयोगमा कस्ता समस्या छन् आदि कुरा केलाउन सकिने देखिँदैन।

## ६. भावी दिशा

मातृभाषामा शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि निम्नानुसार अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ:

### मातृभाषामा शिक्षाको आवश्यकता र महत्त्वका बारेमा प्रचार प्रसार

कतिपय अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय प्रवेशबाटै नेपाली वा अङ्ग्रेजी माध्यमबाट पठन पाठन गराउँदा बालबालिकाले यी भाषामा धेरै प्रगति गर्लान र उनीहरूको भविष्य राम्रो होला भन्ने ठानेको पाइन्छ। यसले गर्दा शिक्षकमा अङ्ग्रेजी भाषा प्रयोग गर्ने न्यून दक्षता हुँदा पनि कतिपय सामुदायिक विद्यालयले मातृभाषा वा स्थानीय विषयमा अङ्ग्रेजी भाषा विषय राख्ने र अङ्ग्रेजी माध्यमले कक्षा सञ्चालन गर्ने प्रयास गरेको सुनिन्छ। विद्यार्थीको अङ्ग्रेजी राम्रो गराउन यस भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइमा पर्याप्त र जीवन्त अभ्यास गराइनु आवश्यक छ। पूर्वाधारै नभइ अङ्ग्रेजी माध्यम गर्ने वा विषय थप्नुको कुनै अर्थ र औचित्य छैन। तल्ला कक्षामा मातृभाषाका माध्यमले शिक्षण सिकाइ गर्ने र अङ्ग्रेजी विषयको पठन पाठनमा भाषिक सिप विकासका लागि पर्याप्त अभ्यास गराउने हो भने विद्यार्थीको अङ्ग्रेजी भाषा कमजोर हुँदैन। यसबाट विद्यार्थीको अङ्ग्रेजी भाषा लगायत अन्य कुरा पनि सिक्ने दक्षता बढ्छ। अभिभावकलाई यस कुरामा सचेत गराउन सम्बन्धित शिक्षक तालिममा यस बारेमा पर्याप्त छलफल गराउने र यो सन्देश शिक्षकले अभिभावक समक्ष पुऱ्याउने प्रचलन विकास गरिनु आवश्यक छ। यस कार्यमा भाषा सेवी सङ्घ संस्थालाई पनि परिचालन गराइनु आवश्यक छ।

### विद्यालय सूचीकरण

हाम्रो मुलुकमा मातृभाषाका माध्यमले कक्षा सञ्चालन गर्ने र विषयका रूपमा मातृभाषा पठन पाठन गराउने विद्यालयहरूको सूचीकरण गरिएको पाइँदैन। सबै भन्दा पहिले यस्ता विद्यालयको सूचीकरण गरी त्यहाँ प्रयोग हुने भाषा, पठन पाठन हुने मातृभाषा विषय, शिक्षकको भाषिक पृष्ठभूमि, त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्या आदि कुराको तथ्याङ्क राख्न आवश्यक देखिन्छ। यो कार्य स्रोत केन्द्रमार्फत जिल्ला शिक्षा कार्यालयबाट गराउन सकिन्छ। यसबाट मात्र यस्ता विद्यालयका लागि आवश्यक सहयोग, प्रोत्साहन र शिक्षक तालिमका कार्यक्रम तर्जुमा र सञ्चालन गर्न सहज हुन्छ। विद्यालय क्षेत्र सुधार कार्यक्रमले मुलुकमा ७५०० विद्यालयमा बहुभाषिक माध्यमबाट कक्षा सञ्चालन गर्ने लक्ष्य राखेको सन्दर्भमा पनि विद्यालय सूचीकरण आवश्यक छ।

### माध्यम र विषयका लागि विषय वस्तु निश्चित गरी शिक्षक तालिम सञ्चालन

हाम्रो जस्तो बहुभाषिक अवस्थाको मुलुकमा मातृभाषामा कक्षा सञ्चालन गर्न शिक्षक तालिम अति आवश्यक छ। हालमा मातृभाषा सम्बन्धी शिक्षक तालिममा टिचर प्रोफेसनल डिभलपमेन्ट (टीपीडी)मा आधारित १० दिनको एउटा मोड्युलको मात्र तालिम सञ्चालनमा रहेको छ। यसमा शैक्षिक तालिम

केन्द्र र जिल्ला शिक्षा कार्यालयबाट मातृभाषा माध्यम गर्ने र मातृभाषा विषयको पठन पाठन गर्ने विद्यालयका शिक्षकलाई एकै ठाउँमा राखेर तालिम सञ्चालन गर्ने गरेको पाइएको छ। यसले गर्दा दुबै थरी विद्यालयका शिक्षकलाई आफ्नो आवश्यकता अनुसार तालिम पर्याप्त नभएको र कतिपय शिक्षकमा माध्यम र विषयका बारेमा स्पष्टतासमेत हुन नसकेको जस्तो बुझिन्छ। यस कुरालाइ दृष्टिगत गर्दा मातृभाषा सम्बन्धी शिक्षक तालिमलाई १० दिनका तिन ओटा मोड्युलमा सञ्चालन गर्ने गरी आवश्यक विषयवस्तु निर्धारण गरिनु पर्ने देखिन्छ। यसमा दुई ओटा मोड्युल माध्यमका रूपमा मातृभाषाको प्रयोग गर्ने विद्यालयका शिक्षकका लागि र अर्को एउटा मोड्युल विषयका रूपमा मातृभाषा शिक्षण सिकाइ गर्ने विद्यालयका शिक्षकका लागि सञ्चालन गर्न आवश्यक देखिन्छ।

नेपालको बहुभाषिक सन्दर्भमा एउटै कक्षामा पनि फरक फरक भाषाको प्रयोग गर्नुपर्ने बहुभाषिक अवस्था रहेकाले माध्यमका रूपमा मातृभाषाको प्रयोग गर्ने प्रयोजनका लागि सञ्चालन हुने तालिमलाई **बहु भाषिक शिक्षा शिक्षक तालिम** र विषयका रूपमा मातृभाषा शिक्षण सिकाइ गर्ने प्रयोजनका लागि सञ्चालन हुने तालिमलाई **मातृभाषा विषय शिक्षक तालिम** भन्ने नाम दिन उपयुक्त देखिन्छ। बहु भाषिक शिक्षा शिक्षक तालिम मातृभाषा माध्यम गर्ने विद्यालयका प्राथमिक तहका सबै शिक्षकका लागि र मातृभाषा विषय शिक्षक तालिम मातृभाषा विषय शिक्षण गर्ने विद्यालयका सम्बन्धित मातृभाषी शिक्षकका लागि सञ्चालन गर्नुपर्ने देखिन्छ। मातृभाषालाई माध्यम र विषयका रूपमा पनि शिक्षण सिकाइ गर्ने विद्यालयका मातृभाषी शिक्षकलाई तिन ओटै मोडेलको तालिम उपलब्ध हुन आवश्यक छ। शैक्षिक जनशक्ति विकास केन्द्रले यसै आधारमा मातृभाषा सम्बन्धी शिक्षक तालिम सञ्चालन गर्ने तयारी गरिरहेको छ।

### मातृभाषा विषयका पाठ्य पुस्तक सहज उपलब्ध हुने व्यवस्था

मातृभाषा विषयको पठन पाठनले सम्बन्धित भाषाको संरक्षण र विकासमा सघाउ पुऱ्याउँछ। भाषाको विकास हुँदा विद्यालयमा उक्त भाषा प्रयोगको सम्भावना रहन्छ। मातृभाषा विषयको पठन पाठन गराउने विद्यालयमा यस विषयका पाठ्य पुस्तक उपलब्ध हुन नसकेको भन्ने बारेमा विभिन्न ठाउँबाट गुनासो आउने गरेको छ। हालमा केन्द्र तहबाट यस विषयका पाठ्य पुस्तक विकास प्रकाशन गर्ने गरिएको छ। यसलाई निरन्तरता दिने हो भने केन्द्रले मुलुक भरका मातृभाषा विषय पठन पाठन गराउने विद्यालयको नामावली राखेर ती विद्यालयमा पठन पाठन हुने भाषा र त्यहाँ अध्ययनरत कक्षागत विद्यार्थी सङ्ख्यासमेतको तथ्याङ्क राखेर त्यस आधारमा पाठ्य पुस्तक उत्पादन र वितरणको व्यवस्था गरिनुपर्दछ। केन्द्रबाट यो काम गर्न त्यति सहज नभएको र मातृ भाषाका पाठ्य सामग्री स्थानीय स्तरबाटै निर्माण हुनु सान्दर्भिक भएकाले मातृभाषा विषय पठन पाठन गराउने विद्यालयका लागि यस विषयसमेतलाई पुग्ने गरी पाठ्यपुस्तकको रकम उपलब्ध हुने व्यवस्था आवश्यक देखिन्छ। मातृभाषाका पाठ्य पुस्तकहरू र सन्दर्भ सामग्रीहरू जिल्लास्तरबाटै बनाउन सकिने व्यवस्था पनि भईसकेको छ। यी कुराबाट बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउने कार्यमा फड्को मार्न सकिन्छ।



### सन्दर्भ सामग्री

नेपाल सरकार। **नेपालको अन्तरिम संविधान** (२०६३)। काठमाडौँ : कानुन किताव व्यवस्था समिति

तामाङ, अमृत योञ्जन (२०६९)। **बहुभाषिक शिक्षाका कुरा।**

शिक्षा विभाग। **मातृभाषामा आधारित बहुभाषिक शिक्षा (मा.आ.ब.शि.) परिचय पुस्तिका** (२०६९)। भक्तपुर : लेखक, सानोठिमी

पाठ्यक्रम विकास केन्द्र। **राष्ट्रिय पाठ्यक्रम प्रारूप** (२०६३)। भक्तपुर : सानोठिमी

शिक्षा मन्त्रालय। **विद्यालय क्षेत्र सुधार कार्यक्रम** (२००९–२०१५)। काठमाडौँ : लेखक

नेपाल सरकार। **शिक्षा ऐन २०२८ (संशोधन सहित २०६३)**। काठमाडौँ : कानुन व्यवस्था समिति, लेखक

शिक्षा मन्त्रालय। **सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल** (२००१–२०१५)। काठमाडौँ : लेखक

नेपाल सरकार। **स्थानीय स्वायत्त शासन ऐन** (२०५५)। काठमाडौँ : कानुन किताव व्यवस्था समिति, लेखक